'थाहा नगर विकासको आधार, कृषि, पर्यटन र पूर्वाधार'
# थाहा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
इन्द्रायणी चौर, मकवानपुर
बागमती प्रदेश, नेपाल
☎ ०५७-४०००५६
०५७-४०००६६
०५७-४०००८६

पत्र संख्याः ०८३/८४
चलानी नम्बरः

मितिः २०८३ श्रावण ३ गते
ने.स. ११४६, दिल्लाथ्व

## भारी वर्षाको सम्भावित जोखिम सम्बन्धी
## अत्यावश्यक सार्वजनिक सूचना !!!

जल तथा मौसम विज्ञान विभागको पूर्वानुमानअनुसार आज (२०८३ श्रावण ३ गते) पालिकासहित आसपासका क्षेत्रमा भारीदेखि अति भारी वर्षा हुने सम्भावना रहेको छ। यसका कारण बाढी, पहिरो, डुबान, गेग्रान बहाव, सडक अवरोध, नदी तथा खोलामा आकस्मिक जलसतह वृद्धि, कटान तथा अन्य विपद्जन्य घटना हुन सक्ने उच्च जोखिम रहेकाले सम्पूर्ण सर्वसाधारणमा उच्च सतर्कता अपनाउन स्थानीय विपद् व्यवस्थापन समितिको तर्फबाट अनुरोध गरिन्छ।

यस सन्दर्भमा सम्पूर्ण नागरिकहरूलाई देहायबमोजिम अनुरोध गरिन्छः

१. अत्यावश्यक कामबाहेक घरबाहिर ननिस्कनुहोस् तथा यात्रा गर्नै परे सडक र मौसमको अवस्था बुझेर मात्र यात्रा गर्नुहोस्।

२. पहिरो आउन सक्ने स्थान, भीरालो सडकखण्ड, पहाडको फेदी तथा अन्य जोखिमयुक्त क्षेत्रमा अनावश्यक आवतजावत नगर्नुहोस्।

३. नदी, खोला, खोल्सा तथा जलाशयमा पौडी खेल्न, माछा मार्न, दाउरा, ढुंगा, गिट्टी, बालुवा संकलन गर्न वा अन्य कुनै प्रयोजनले खोलाछेउछाउ नजानुहोस्।

४. बाढी आएको वा पानीको बहाव बढेको नदी, खोला वा खोल्सा पैदल वा सवारी साधनमार्फत तर्ने प्रयास नगर्नुहोस्।

५. खोला वा खोल्सा तरेर विद्यालय जानुपर्ने विद्यार्थीहरूले पानीको बहाव बढेको अवस्थामा विद्यालय जान वा घर फर्कने प्रयास नगर्नुहोस्। अभिभावक तथा विद्यालयले विद्यार्थीको सुरक्षालाई प्राथमिकता दिई आवश्यक समन्वय र सावधानी अपनाउनुहोस्।

६. नदी तथा खोलाको किनार, पहिरोको जोखिम भएका बस्ती तथा डुबान हुन सक्ने स्थानमा बसोबास गर्ने परिवारले आवश्यक परे सुरक्षित स्थानमा सर्ने तयारी अवस्थामा रहनुहोस्।

७. बालबालिका, ज्येष्ठ नागरिक, गर्भवती महिला, अपाङ्गता भएका व्यक्ति तथा बिरामीको सुरक्षामा विशेष ध्यान दिनुहोस्।

८. टर्च, मोबाइल, पावर बैंक, औषधि, खानेपानी, सुक्खा खाद्यान्न तथा अन्य अत्यावश्यक सामग्री तयारी अवस्थामा राख्नुहोस्।

९. स्थानीय तह, जिल्ला प्रशासन कार्यालय, सुरक्षा निकाय तथा जल तथा मौसम विज्ञान विभागबाट जारी हुने आधिकारिक सूचना तथा निर्देशनको पालना गर्नुहोस् तथा अफवाहमा विश्वास नगर्नुहोस्।

१०. बाढी, पहिरो, सडक अवरोध, नदीको जलसतह अस्वाभाविक रूपमा बढेको वा अन्य कुनै जोखिम देखिएमा तत्काल वडा कार्यालय, स्थानीय आपत्कालीन कार्य सञ्चालन केन्द्र (LEOC), नेपाल प्रहरी (१००), सशस्त्र प्रहरी बल (१११४) वा सम्बन्धित निकायलाई जानकारी गराउनुहोस्।

११. समुदायका सबै नागरिकले एकअर्कालाई समयमै सचेत गराउँदै जोखिममा परेका व्यक्ति, बालबालिका, ज्येष्ठ नागरिक तथा अशक्त व्यक्तिहरूलाई सुरक्षित स्थानमा सार्न सहयोग गर्नुहोस्।

सम्पूर्ण नागरिकहरूलाई उच्च सतर्कता अपनाई सुरक्षित रहन, आधिकारिक सूचनाको निरन्तर पालना गर्न तथा कुनै पनि विपद्जन्य घटना भएमा तत्काल सम्बन्धित निकायलाई जानकारी गराउन हार्दिक अनुरोध गरिन्छ।

| आपतकालीन सम्पर्क नम्बरहरू | |
|---|---|
| १०० | नेपाल प्रहरी कन्ट्रोल रुम |
| १०३ | ट्राफिक प्रहरी कन्ट्रोल रुम |
| ११३० | नेपाल रेडक्रस |
| १०२ | एम्बुलेन्स सेवा |
| १०१ | दमकल सेवा |
| १११४ | सशस्त्र प्रहरी |
| १२३४ | DEOC (जिल्ला आपतकालिन सञ्चालन केन्द्र) |

| थाहा नगरपालिकाको सम्पर्क नम्बरहरू | |
|---|---|
| थाहा नगरपालिका | ९८५५०३९९६५ |
| थाहा नगरप्रहरी | ९७०४१२५७५७/९७६७५७०९०० |
| इलाका प्रहरी कार्यालय पालुङ | ९८५५०६९४९९ |
| सशस्त्र प्रहरी मन्सुनजन्य अस्थायी बेस क्याम्प | ९८४४२७७६२० |
| पालुङ प्राथमिक स्वास्थ्य केन्द्र | ९८६५१२५७०१ |
| नगरपालिका विपद् सम्पर्क व्यक्ति | ९८५५०७५३४१ |
| स्वास्थ्य शाखा | ९८४५०७२१३५ |
| कृषि शाखा | ९८४५०७२२०० |
| पशु शाखा | ९८४४६१५४९० |

थाहा नगरपालिका
स्थानीय विपद् व्यवस्थापन समिति
स्थानीय आपत्कालीन कार्य सञ्चालन केन्द्र (LEOC)